**दोगडाकेदार गाउँपालिका**

बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः ५ संख्याः २ सम्बत् २०७८ असार ११ गते**

## भाग-१

## दोगडाकेदार गाउँपालिका

## विनियोजन ऐन, २०७८

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दोगडाकेदार गाउँपालिकाको गाउँसभाले आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न **विनियोजन ऐन, २०७८** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

दोगडाकेदार गाउँपालिका, बैतडी

# दोगडाकेदार गाउँपालिका
# विनियोजन ऐन, २०७८

गाउँसभाबाट स्वीकृत मिति : २०७८।०३।१०
परमाणिकरण मिति : २०७८।०३।११

**प्रस्तावनाः** दोगडाकेदार गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम दोगडाकेदार गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः** (१) यस ऐनको नाम"दोगडाकेदार गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८/०७९को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिकवर्ष २०७८।०७९को निमित्तगाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५८,०४,९८,०००।- (अक्षेरुपी अन्ठाउन्न करोड चारलाखअन्ठानब्बेहजार मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७८।०७९को निमित्त दोगडाकेदार गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमागाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्च तर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५प्रतिशत भन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमागाउँसभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| आ.व. २०७८/०७९ को लगीआयव्ययबिवरणको अनुमान | | | |
|---|---|---|---|
| आयतर्फ | रकम रु | व्ययतर्फ | रकम रु |
| समाजिक सुरक्षाअनुदानअनुमान | १२००००००० | समाजिक सुरक्षाखर्च अनुमान | १२००००००० |
| आन्तरिक श्रोतको अनुमान | १०००००००० | सशर्त तर्फ खर्च | २३०१००००० |
| चालु आ.व. माबांकी रहने रकमको अनुमान | ० | जम्माचलु खर्च | ७८९२७८८० |
| संघ सस्थाअनुदानअनुमान | ० | संम्पुरक अनुदान योजना | ३१९५४००० |
| जनश्रदान | ० | बिशेष अनुदानको अनुमान | १५५०००००० |
| | | फर्निचर खरिद | ५००००० |
| **संघीय सरकार बाट** | | सवारी साधनखरिद | ५००००० |
| ससर्त अनुदान | २३०१००००० | पुजीगत अनुसन्धानतथा परामर्श | २०००००० |
| बित्तिय समानिकरण अनुदान | १०२१००००० | भुमिव्यवस्था सम्बन्धीकार्यक्रम | १०००००० |
| राजश्व बांडफांड | ७८०००००० | सुपथमुल्यपसल संचालन | १०००००० |
| संम्पुरक अनुदानको अनुमान | ७७०००००० | **बिकासे बजेट** | |
| बिशेष अनुदानको अनुमान | १२५०००००० | सम्पुरक कोष | ७०००००० |
| **प्रदेश सकार बाट** | | पालिकागौरवकाआयोजना | २२०००००० |
| बित्तिय समानिकरण अनुदान | ७११५००० | **विषगत क्षेत्र विनियोजन** | ७००१६१२० |
| सवारी साधन कर बांडफांड | १७०६००० | | |
| संम्पुरक अनुदानको अनुमान | ८२७७००० | | |
| बिशेष अनुदानको अनुमान | ३०००००० | | |
| संघ सस्थाअनुदानअनुमान | ० | | |
| | **५८०४९८०००** | | **५८०४९८०००** |

दोगडाकेदार गाउँपालिका, बैतडी

आज्ञाले,

नाम :- रबिन्द्र बहादुर धामी

नि. प्रमुखप्रशासकीयअधिकृत

दोगडाकेदार गाउँपालिका, बैतडी